अनुसूची

# राष्ट्रिय जलस्रोत विकास परिषदको पुनर्गठन

प्रमुख राष्ट्रिय सम्पदाको रुपमा रहेको जलस्रोतलाई देशको अधिकतम हित र जनताको आर्थिक तथा सामाजिक विकासको सन्दर्भमा छिटो भन्दा छिटो अधिकतम उपयोगमा ल्याई विकासको क्रम अघि बढाउन र राष्ट्रिय स्तरमा आम सहमतिको वातावरणमा नीतिगत आधार विकास गर्न श्री ५ को सरकारले मिति २०४९।१।२६ मा सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा गठित राष्ट्रिय जलस्रोत विकास परिषदलाई निरन्तरता दिई जलस्रोतसंग सम्बन्धित विभिन्न निकायहरुसंग समन्वय गर्ने नीतिगत आधारहरु निर्धारण गर्न, विभिन्न राजनैतिक दलहरुका प्रतिनिधिहरु एवं जलस्रोतको क्षेत्रमा योगदान दिन सक्ने विशेषज्ञहरु र यस क्षेत्रमा संलग्न संघ संस्थाका प्रतिनिधिहरुको विचारलाई आत्मसात गरी नीतिगत प्रकृया अगाडि बढाउन समय सापेक्ष रुपमा विद्यमान नीति तथा कार्यक्रम राष्ट्रिय दृष्टिकोणबाट अनुगमन र पुनरावलोकन गर्नको लागि सहायता पुर्याउन र परिषदलाई अझ बढी क्रियाशील बनाउन परिषदको पुनर्गठन एवं कार्यक्षेत्र र संगठनात्मक स्वरुपमा परिवर्तन गर्न वान्छनीय भएको छ।

क. परिषदको पुनर्गठन :-

श्री ५ को सरकारको मिति २०४९।१।२६ को निर्णयानुसार गठित राष्ट्रिय जलस्रोत विकास परिषदलाई देहाय बमोजिम पुनर्गठन गर्ने:-

| | |
|---|---|
| सम्माननीय प्रधानमन्त्री | अध्यक्ष |
| माननीय जलस्रोत मन्त्री | उपाध्यक्ष |
| माननीय परराष्ट्र मन्त्री | सदस्य |
| माननीय अर्थ मन्त्री | सदस्य |
| माननीय स्थानीय विकास मन्त्री | सदस्य |
| माननीय कृषि मन्त्री | सदस्य |
| माननीय कानून तथा न्याय मन्त्री | सदस्य |
| माननीय उद्योग मन्त्री | सदस्य |
| माननीय आवास तथा भौतिक योजना मन्त्री | सदस्य |
| माननीय विज्ञान तथा प्रविधि मन्त्री | सदस्य |
| माननीय वन तथा भू-संरक्षण मन्त्री | सदस्य |
| माननीय जनसंख्या तथा वातावरण मन्त्री | सदस्य |
| प्रतिनिधि सभाका प्रमुख प्रतिपक्षी दलका नेता | सदस्य |
| राष्ट्रिय सभाका सत्ता पक्षका नेता | सदस्य |
| राष्ट्रिय सभाका विपक्षी दलका नेता | सदस्य |
| माननीय जलस्रोत राज्यमन्त्री/वा सहायकमन्त्री | सदस्य |
| उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | सदस्य |
| सभापति, प्राकृतिक श्रोत साधन तथा वातावरण समिति, प्रतिनिधि सभा | सदस्य |
| संसदमा कुनै दलका १० भन्दा बढी संख्या भएका प्रतिनिधिहरु भए त्यस्ता प्रत्येक दलवाट २ जना र अन्य दलवाट १-१ जना सांसद प्रतिनिधि | सदस्य |
| प्रतिनिधि सभामा प्रतिनिधित्व गर्ने स्वतन्त्र सांसादहरु मध्ये एक जना | सदस्य |
| राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने स्वतन्त्र सांसदहरु मध्ये एकजना | सदस्य |
| माननीय सदस्य, रा.यो.आ. (जलस्रोत हेर्ने) | सदस्य |
| मुख्य सचिव | सदस्य |
| सचिव, जलस्रोत मन्त्रालय | सदस्य |

| | |
|---|---|
| जलस्रोत क्षेत्रमा विशिष्ट योगदान पुर्‍याएका व्यक्तिहरु मध्येबाट श्री ५ को सरकारद्वारा मनोनित पाँचजना | सदस्य |
| अध्यक्ष, नेपाल चेम्बर अफ कमर्श | सदस्य |
| अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य |
| कार्यकारिणी सचिव, जल तथा शक्ति आयोगको सचिवालय | सदस्य-सचिव |

परिषदको बैठकमा प्रतिनिधि सभाका सभामुखलाई पनि आमन्त्रण गर्न सकिने छ। साथै आवश्यकता अनुसार श्री ५ को सरकारका सम्वन्धित निकायका पदाधिकारीहरु र गैर सरकारी क्षेत्रमा कार्यरत अन्य विज्ञहरुलाई पनि अध्यक्ष वा उपाध्यक्षको सहमति लिई सदस्य- सचिवले आमन्त्रण गर्न सक्ने छ।

श्री ५ को सरकारवाट मनोनित हुने सदस्यहरुको पदावधि दुई वर्षको हुने छ।

(ङ) परिषदको कार्यहरु :-

परिषदले देहाय वमोजिम कार्यहरु गर्ने छ :-

१. देश विकासको आवश्यकता अनुरुप जलस्रोतको उपयोग सम्वन्धमा राष्ट्रिय सहमतिको लागि उपयुक्त वातावरणको सृजना गर्नमा योगदान पुर्‍याउने र राष्ट्रिय दृष्टिकोणवाट मुलुकलाई अधिकतम लाभ हुने गरी तत्‌सम्वन्धि नीति निर्धारण गर्ने।

२. देशको प्रमुख र महत्वपूर्ण सम्पदाको रुपमा रहेको जलस्रोतको द्रुततर एवं दीगो विकास गरी समुचित उपयोग गर्न आवश्यक नीतिगत आधारहरु सुनिश्चित गर्ने।

३. जलस्रोत विकासको निमित्त विभिन्न क्षेत्र तथा निकायहरु विच समन्वय ल्याउने आधारहरु पहिल्याउने।

४. जलस्रोत विकास सम्वन्धि राष्ट्रिय एवं अन्तर्राष्ट्रिय समझदारी वढाउने सन्दर्भमा सरकारलाई आवश्यक निर्देश गर्ने।

(ग) परिषदको कार्य संचालन विधी :-

परिषदको कार्य संचालन विधी देहाय वमोजिम हुनेछ :-

(१) वैठक:-

(क) परिषदको वैठक कम्तिमा वर्षको एक पटक बस्ने छ। वैठकमा जलस्रोत विकासको लागि अपनाउनु पर्ने नीति,जलस्रोत सम्वन्धी विकास आयोजनाहरुको प्रगति एवं मूल्यांकन प्रतिवेदन,अनुगमन प्रतिवेदन र तत् सम्वन्धी अन्य आवश्यक सूचनाहरु सम्वन्धित निकाय तथा पदाधिकारीबाट सचिवालय मार्फत पेश गरिनेछ।

(ख) परिषदको प्रत्येक वैठकमा छलफल हुने विषयको कार्य सूची एवं तत् सम्वन्धि विवरण एवं प्रतिवेदन सचिवालयले संकलन एवं तयार गरी वैठकको संचालन गरिनेछ।

(ग) परिषदको वैठकले गरेका निर्णयहरु सदस्य-सचिवले प्रमाणित गर्ने छ र सोको जानकारी सबै सदस्यहरुलाई दिईनेछ।

(घ) परिषदको बैठकका निर्णयहरु कार्यान्वयनका लागि श्री ५ को सरकारका सम्बन्धित निकायहरुलाई अनुरोध गरिनेछ ।

(ङ) बैठकका निर्णयहरु कार्यान्वयन भए नभएको अनुगमन सदस्य-सचिवले गर्नेछ ।

६ **समिति उप-समिति गठन गर्न सक्ने :-**

परिषदले कुनै कार्य विशेषको लागि आवश्यक्ता अनुसार स्थायी वा अस्थायी समिति उप-समिति एवं कार्यटोलीहरु गठन गरी तिनीहरुको कार्यक्षेत्र एवं कार्यविधि निर्धारण गर्न सक्नेछ ।

७ **सचिवालय :-**

परिषदको सचिवालयको काम जल तथा शक्ति आयोगको सचिवालयले गर्नेछ ।

८ **जलस्रोत स्थायी समन्वय समितिको गठन :**

जलस्रोतको विकासमा निजी क्षेत्रको बढ्दो अभिरुचीका साथै यसका उपयोगको बारेमा वातावरणीय पक्ष एवं राजनीतिक दलहरुका बीच राष्ट्रिय सहमति कायम गराई विभिन्न आयोजनाहरुलाई अघि बढाउनु पर्ने आजको वास्तविकतालाई ध्यानमा राख्दा जलस्रोत विकास परिषदका सदस्यहरुलाई नीति निर्धारणका विविध पक्षमा नियमित रुपमा संलग्न गराउनु पर्ने आवश्यकता छ । साथै भै रहेका नीतिहरुको पुनरावलोकन गर्ने कार्यमा पनि पेशागत एवं राजनीतिक रुपमा सहयोग पुर्‍याउनु पर्ने तथ्य महत्वपूर्ण छ । यी कुराहरुका अतिरिक्त जलस्रोतको उपयोगको लागि नियमित रुपमा राष्ट्रिय स्तरमा विभिन्न राजनीतिक दलहरुका बीच निरन्तर सम्वाद कायम गर्ने कामका लागि संस्थागत व्यवस्थाको स्वरुप राष्ट्रिय जलस्रोत विकास परिषदको देहाय बमोजिमको एक जलस्रोत स्थायी समन्वय समिति गठन गर्ने ।

| | |
|---|---|
| माननीय जलस्रोत मन्त्री | अध्यक्ष |
| संसदमा दश भन्दा बढि संख्यामा प्रतिनिधि भएका प्रत्येक राजनीतिक दलका २/२ जना सांसद प्रतिनिधिहरु | सदस्य |
| संसदमा दश भन्दा कम संख्यामा प्रतिनिधि भएका राष्ट्रिय मान्यता प्राप्त दलको सांसद प्रतिनिधि एक जना | सदस्य |
| माननीय जलस्रोत मंत्रीबाट मनोनित एक जना | सदस्य |
| सचिव, जलस्रोत मन्त्रालय | सदस्य |
| कार्यकारिणी सचिव, जल तथा शक्ति आयोगको सचिवालय | सदस्य-सचिव |

यस समितिको बैठकमा आवश्यकता अनुसार राष्ट्रिय योजना आयोगका जलस्रोत हेर्ने सदस्यलाई पनि आमन्त्रण गर्न सकिने छ ।

७. **जलस्रोत स्थायी समन्वय समितिको कार्यक्षेत्र :**

(क) राष्ट्रिय विकासको आवश्यकता र देशको हक र हितलाई अधिकतम रुपमा फाइदा हुने गरी जलस्रोत उपयोग एवं सम्वर्द्धन सम्वन्धमा राष्ट्रिय सहमति कायम गर्न पहल गर्ने, गराउने ।

(ख) जलस्रोत विकाससंग सम्बन्धित नीतिगत अवधारणाहरु बिच समन्वय कायम गर्न लगाउने तथा विद्यमान समस्याहरु समाधान गर्न पहल गर्ने, गराउने ।

(ग) जलस्रोत विकासमा निजी क्षेत्रको लगानी तथा सहभागितामा व्यापक वृद्धि गर्न एवम् सरकार र निजी क्षेत्रका लगानीकर्ता बिच समन्वय कायम गर्न आवश्यक नीति निर्माणका लागि ठोस आधारहरु पहिल्याउने ।

(घ) जलस्रोत विकासमा गैर सरकारी संस्थाहरुको सहभागिता एवम् सहयोगको अभिवृद्धि गर्न नीतिगत आधारहरु तय गर्ने ।

(ङ) अन्तर्राष्ट्रिय कानून, प्रचलन र विभिन्न मुलुकहरु बीच भइरहेका संधिहरुको विश्लेषण गराउने र प्राप्त जानकारीका आधारमा नीतिगत निर्णयका लागि अनुपोषण गर्ने ।

(च) राष्ट्रिय जलस्रोत विकास परिषदबाट निर्णय भएका वा तोकेका अन्य कामहरु गर्ने ।

(छ) समितिले आवश्यकता अनुसार विभिन्न उप-समितिहरु गठन गर्न सक्ने छ र त्यसको जानकारी परिषदलाई दिनेछ ।

८. **जलस्रोत स्थायी समन्वय समितिको कार्यविधि :**

(क) जलस्रोत स्थायी समन्वय समितिको सचिवालयको काम जल तथा शक्ति आयोगको सचिवालयले गर्नेछ ।

(ख) समन्वय समितिको बैठक आवश्यकता अनुसार वा वर्षमा कम्तिमा ४ पटक बस्नेछ ।

(ग) समन्वय समितिमा हुने छलफल कार्यसूचि एवं तत् सम्वन्धी प्रतिवेदन र विवरण सचिवालयले तयार गर्ने छ । समितिले गरेको निर्णय र दिएको निर्देशनहरु श्री ५ को सरकारका सम्बन्धित निकायहरुले प्रचलित ऐन, नियमको परिधि भित्र रही कार्यान्वयन गर्ने, गराउने छन् ।

(घ) समन्वय समितिका पार्टीगत सदस्यहरु परिषदमा भएका पार्टीगत सदस्यहरु नै हुने छन् ।

ड यस समन्वय समितिले गरेका काम र निर्णयहरु राष्ट्रिय जलस्रोत विकास परिषदमा अनुमोदनका लागि पेश गरिनेछ ।

३. <u>बजेट</u> :- परिषद, समिति र उप-समितिका लागि आवश्यक बजेट जल तथा शक्ति आयोगको सचिवालय अन्तरगत छुट्टै व्यवस्था गरिनेछ ।

डा. द्वारिकानाथ ढुंगेल
सचिव